# तनहुँ हाइड्रोपावर लिमिटेड

ट्रेड टावर, थापाथली, काठमाडौं

## मौजूदा सूचीमा दर्ता गराउने सम्बन्धी सूचना

(प्रकासित मिति २०७७/०४/०१)

आर्थिक वर्ष २०७७/०७८ का लागि यस कम्पनीलाई आवश्यक पर्ने तपसिलमा उल्लेखित विभिन्न सामान, सेवा तथा कार्यहरु आपूर्ति गर्न, निर्माण कार्य गर्न, परामर्श सेवा दिन तथा अन्य सेवा प्रदान गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६क बमोजिम मौजुदा सूचीमा दर्ता हुन वा अध्यावधिक हुन चाहने कालोसूचीमा नपरेका व्यक्ति, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकहरुले देहायका कागजातको प्रतिलिपि र सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० को उपदफा (२) बमोजिमको योग्यताको कागजातहरु समेत संलग्न गरी आफूले गर्ने कामको विवरण छुट्टा छुट्टै खुलाई यस कम्पनीमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को उपनियम (१) सँग सम्वन्धित अनुसूची २क बमोजिमको ढाँचामा निवेदन दिनु हुन जानकारी गराइन्छ ।

(क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र,

(ख) स्थायी लेखा नम्वर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र,

(ग) आर्थिक वर्ष २०७५/०७६ सम्मको कर चुक्ता प्रमाणपत्र र

(घ) आवश्यकता अनुसारको व्यवसायिक इजाजतपत्र ।

**तपसिल :**

**खरिद तथा आपूर्ति तर्फ:**

१. मसलन्द तथा विविध कार्यालय सामानहरु

२. छपाई सम्बन्धी कार्यहरु

३. फर्निचर एवं फर्निसिङ्गका सामानहरु आपूर्ति

४. सवारी साधनहरुको पार्टपूर्जाहरु आपूर्ति गर्ने सम्बन्धी

५. इलेक्ट्रोनिक्स उपकरणहरु (कम्प्यूटर, प्रिन्टर, फोटोकपी, यु.पि.एस., फ्याक्स एवं अन्य ईलेक्ट्रोनिक्स सामानहरु) को आपूर्ति

६. इलेक्ट्रिकल सम्बन्धी सामाग्रीहरुको आपूर्ति

७. स्वास्थ्य सामाग्रीहरु आपूर्ति गर्ने सम्वन्धी

**मर्मत तर्फ :**

१. सवारी साधनको मर्मत संम्भार सम्वन्धी

२. कम्प्यूटर, प्रिन्टर, फोटोकपी, यु.पि.एस., फ्याक्स एवं अन्य ईलेक्ट्रोनिक्स सामानहरुको मर्मत

**परामर्श सेवा तथा अन्य सेवा तर्फ:**

१. परामर्श सेवा सम्वन्धी

२. सूचना प्रकाशन तथा प्रसारण सम्वन्धी

३. अन्य सेवा सम्वन्धी